














मानिसको दुःखको सुरुवात्

**परमेश्वरको वचन बाइबलबाट लिइएको कथा**

**जुन**

**उत्पत्ति ३-६**

**"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।"**
**भजनसंग्रह ११९:१३०**



**लेखन** Edward Hughes
**चित्र** Byron Unger; Lazarus; Alastair Paterson
**अन'वाद** B.K. Shrestha
**संयोजन** M. Maillot; Tammy S.

**६० कथाहरूमध्ये दोस्रो कथा**

**M1914.org**

**Bible for Children, PO Box 3, Winnipeg MB  R3C 2G1  Canada**

**अन'मतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अन'मति दिइएको छ तर बिक्रीका लागि होइन।**

**हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो।**

**परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि हाम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्ग फर्किजानुभयो! अब परमेश्वरले हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्छ।**

**यदि तिमी आफ्ना पापहरूदेखि फर्किआउन चाहन्छौ भने परमेश्वरलाई यसो भन: प्यारो परमेश्वर, प्रभु येशू मेरो निम्ति मर्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ। तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन। यूहन्ना ३:१६**

**दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर!**

**नेपाली** Nepali







“के परमेश्वरले तिमीहरूलाई कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ?” सर्पले हव्वालाई सोध्यो। “बगैंचाका एउटा रूखबाहेक सबै रूखहरूका फल हामी खान सक्छौं,” उनले जवाफ दिइन्।
3
“हामीले त्यो फल खायौं वा छोयौं भने पनि हामी मर्नेछौं।” सर्पले छल गर्दै भन्यो, “तिमीहरू मर्नेछैनौ।” “तिमीहरू परमेश्वरजस्तै हुनेछौ।” हव्वाले त्यो रूखको फल खान चाहिन्। सर्पको कुरा सुनेर तिनले त्यो फल खाइन्।
4
हव्वाले परमेश्वरको अवज्ञा गरेपछि आदमलाई पनि त्यो फल खान लगाइन्। आदमले यसो भनेका हुनुपर्छ, “अह! म परमेश्वरको वचनको अवज्ञा गर्नेछैनँ।”
5
आदम र हव्वाले पाप गरेपछि तिनीहरू दुवैले आफूहरू नाङ्गै भएको थाहा पाए। नेभाराका पातको लुगा बनाएर लगाएपछि तिनीहरू परमेश्वरको उपस्थितिदेखि झाडीभित्र लुके।
6
शीतल साँझपख परमेश्वर बगैंचामा आउनुभयो। आदम र हव्वाले गरेका काम उहाँलाई थाहा थियो। आदमले  हव्वालाई दोष लगाए। हव्वाले सर्पलाई दोष लगाइन्।
7
परमेश्वरले भन्नुभयो, “सर्प श्रापित भएको छ। सन्तान जन्माउँदा स्त्रीलाई पीडा हुनेछ।” “आदम, तैंले पाप गरेको हुनाले जमीन श्रापित भएको छ अनि त्यसले काँडा र सिउँडी उमार्नेछ। तैंले पसिना बगाउँदै परिश्रम गरेर दैनिक भोजन खानेछस्।”
8
परमेश्वरले आदम र हव्वालाई त्यो सुन्दर बगैंचादेखि धपाइदिनुभयो। तिनीहरूले पाप गरेका हुनाले तिनीहरू जीवन दिनुहुने परमेश्वरदेखि अलग पारिए!
9
परमेश्वरले तिनीहरूलाई बगैंचाभित्र पस्न नदिन ज्वालामय तरवार बनाउनुभयो। परमेश्वरले आदम र हव्वाको निम्ति छालाका लुगा बनाइदिनुभयो। परमेश्वरले त्यो छाला कहाँबाट ल्याउनुभयो?
10
केही समयपछि आदम र हव्वाका सन्तान जन्मिए। तिनीहरूका जेठो छोरा कयिन खेतीकिसानी गर्ने भए। तिनीहरूका माहिलो छोरा हाबिल भेडागोठाला भए। एक दिन कयिनले परमेश्वरलाई केही सागसब्जी भेटी चढाए।
11
हाबिलले चाहिं। आफ्ना सबैभन्दा राम्रा भेडाहरू परमेश्वरलाई भेटी चढाए। परमेश्वरले हाबिलको भेटी ग्रहण गर्नुभयो।
12
परमेश्वरले कयिनको भेटी ग्रहण गर्नुभएन। कयिन असाध्यै रिसाए। तर परमेश्वरले भन्नुभयो, “यदि तैंले जे ठीक छ त्यो गरिस् भने ताँ ग्रहणयोग्य हुँदैनस् र?”
13
कयिनको रिस मरेन। केही समयपछि खेतमा तिनले हाबिललाई हिर्काएर मारे!
14
परमेश्वरले कयिनलाई भन्नुभयो, “तेरो भाइ हाबिल कहाँछ?” “मलाई थाहा छैन,” कयिनले ढाँटे। “के म मेरो भाइको गोठाला हुँ र?” परमेश्वरले कयिनलाई सजाय दिनुभयो अनि खेतीकिसानी गर्न नसक्ने र डुलुवा बनाइदिनुभयो।
15
कयिन परमप्रभुको उपस्थितिदेखि निस्किगए। तिनले विवाह गरे र तिनीहरूको एउटा परिवार भयो। छिट्टै नै, कयिनले बसालेका सहर तिनका नातिनातिना र पनातिपनातिनाहरूले भरियो।
16
उता आदम र हव्वाको परिवार पनि छिट्टै वृद्धि भयो। ती दिनमा मानिसहरू अहिलेभन्दा धेरै लामो समयसम्म बाँच्थे।
17
शेतलाई जन्माएपछि हव्वाले भनिन्, “परमेश्वरले मलाई हाबिलको सट्टामा शेत दिनुभयो।” शेत धर्मी मानिस थिए जो ९१२ वर्ष बाँचे र तिनका धेरै सन्तान भए।
18